# युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

## (पहिलो संशोधन २०८०)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

पहिलो सशोधन स्वीकृत मितिः २०८०/९/०३

# युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७

# (पहिलो संशोधन २०८०)

प्रस्तावनाः राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार मुलुकमा विभिन्न क्षेत्रका युवा वर्गमा उद्यमशीलता, सिर्जनशीलता तथा सिपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध नेपाल निर्माणका लागि सक्रिय युवाका समूहलाई एक स्थानीय तहको एक वडा भित्रका ५० (पचास) प्रतिशत महिलासहित कम्तीमा ५ (पाँच) जना युवा सम्मिलित युवाको समूहलाई वित्तीय सेवाप्रदायक संस्थामार्फत बिनाधितो, बिनाब्याज कर्जा लगानी तथा असुली गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवं युवाहरुलाई उद्यमी बनाउनका लागि राष्ट्रिय युवा परिषद्ले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ (पहिलो संशोधन २०८०)" रहेको छ ।

(२) यो निर्देशिका परिषद्ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

ख) “परिषद्” भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्दछ ।

ग) “उपाध्यक्ष” भन्नाले राष्ट्रिय युवा परिषद्को कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) “कार्यकारी समिति” भन्नाले राष्ट्रिय युवा परिषद् ऐन बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्दछ ।

ङ) “युवा” भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले तोकेको उमेर समूहको व्यक्ति सम्झनु पर्दछ ।

च) “उद्यम” भन्नाले जीविकोपार्जन, रोजगार वा आय आर्जनका लागि गरिने सिर्जनात्मक आर्थिक क्रियाकलाप, व्यवसाय वा उद्योगलाई सम्झनु पर्दछ ।

(छ) “समूह” भन्नाले उद्यम सञ्चालन गर्नका लागि स्थानीय तहमा दर्ता भएको युवाको समूह सम्झनु पर्दछ ।

(ज) “उद्यमी” भन्नाले आय आर्जन गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद्बाट सञ्चालित युवा उद्यम कार्यक्रममा सहभागी युवाको समूहलाई सम्झनु पर्दछ ।

(झ) "युवा उद्यम कार्यक्रम" भन्नाले यस निर्देशिका बमोजिम स्थानीय क्षेत्रमा आधारित नेपाली युवाहरूको समूहबाट सञ्चालित उद्यम कार्यक्रमलाई सम्झनु पर्दछ ।

ञ) "वित्तीय सेवाप्रदायक संस्था" भन्नाले नेपाल सरकारको प्रचलित कानुन बमोजिम वित्तीय कारोबार गर्न अधिकार प्राप्त संस्था सम्झनु पर्दछ ।

ट) "परिषद्को कोष" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १८ बमोजिम तथा युवा उद्यममा ऋण लगानी भई फिर्ता हुन आएको र लगानी हुन नसकी फिर्ता हुन आएको रकम जम्मा हुने कोष सम्झनु पर्दछ ।

परिच्छेद-२

## <u>लक्षित समूह तथा उद्यम क्षेत्र</u>

३. <u>लक्षित समूहः</u> राष्ट्रिय युवा परिषद् ऐनले युवा भनी तोकेको उमेर समुह १६ (सोह्र) देखि ४० (चालीस) वर्षसम्मको युवा यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

४. <u>उद्यमका क्षेत्रः</u> यस निर्देशिका अन्तर्गत उद्यम गर्न सकिने क्षेत्रहरू देहायबमोजिम रहनेछन् :-

क) कृषि तथा पशुपन्छिमा आधारित उद्यम व्यवसाय,

ख) वन (जडीबुटी, वनपैदावार) मा आधारित उद्यम व्यवसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

च) हस्तकला, मूर्तिकला, चित्रकलामा आधारित उद्यम व्यवसाय,

छ) संस्कृति, साहित्य सृजना, गीत, संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

ज) खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसाय,

झ) खेलकुदमा आधारित उद्यम व्यवसाय

ञ) नवप्रवर्तनका क्षेत्रमा आधारित उद्यम व्यवसाय

ट) परिषद्को कार्यकारी समितिले निर्णय गरेका अन्य उद्यम व्यवसाय क्षेत्र ।

परिच्छेद-३

## <u>युवा उद्यम समूह निर्माण</u>

५. <u>समूह निमार्णका आधारः</u> उद्यम सञ्चालन गर्नका लागि उद्यम समूह निर्माणका आधारहरू देहाय बमोजिम हुनेछन्ः

(१) युवा उद्यम समूहमा समावेश हुने युवाको न्यूनतम योग्यताः

क) दफा ३ बमोजिमको उमेर समूहको नेपाली नागरिक हुनुपर्ने

ख) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको

तर फौजदारी कसुरमा अदालतबाट सजाय पाएको भए सजाय भुक्तान गरेको ३ (तीन) वर्ष व्यतित भएको,

ग) सरकारी चल, अचल सम्पतिको दुरूपयोग नगरेको,

घ) कम्तीमा आधारभूत तहको (कक्षा ८ उर्तीण गरेका) शिक्षा हासिल गरेको,

(२) समूहका लागि न्यूनतम आधारहरूः

क) स्थायी बसोबास भएको सम्बन्धित स्थानीय तहमा कानुन बमोजिम दर्ता/नवीकरण भएको,

ख) सामान्यतया ५० (पचास) प्रतिशत महिलासहित कम्तीमा ५ जनाको समूह भएको,

ग) परिषद्‌बाट युवा उद्यम कार्यक्रममा सहभागी भई ऋण लिएको भए ऋण रकम चुक्ता गरेको,

घ) कालो सूचीमा नपरेको ।

परिच्छेद-४

## वित्तीय सेवाप्रदायक संस्थाको छनोट

६. सूचना प्रकाशनः (१) युवा उद्यम कार्यक्रमका लागि छनोट भएका युवा समूहलाई समयमै बिना धितो, बिना ब्याज कर्जा उपलब्ध गराउन तथा समयमै असुली गर्ने कार्यमा वित्तीय सेवा प्रदान गर्न केन्द्रीय वित्तीय सेवाप्रदायक संस्था छनोट गर्नका लागि परिषद्‌ले १५ (पन्ध्र) दिनको सार्वजनिक सूचनामार्फत नेपाल सरकारको प्रचलित कानुन बमोजिम वित्तीय कारोबार गर्न अधिकार प्राप्त इच्छुक वित्तीय सेवाप्रदायक संस्थाबाट प्रस्ताव माग गर्नेछ ।

(२) उपदफा (१) अनुसारको समयभित्र तीनवटा भन्दा कम प्रस्ताव परेमा पुनः ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दोस्रो पटकको सूचनाबाट पनि ३ (तीन) वटा भन्दा कम प्रस्ताव परेमा पेश भएका प्रस्तावमध्येबाट छनोट गर्न बाधा पर्ने छैन ।

७. छनोट समितिः (१) दफा ६ बमोजिमको सूचना अनुसार प्रस्ताव पेश गर्ने वित्तीय संस्थाहरूको मूल्याङ्कन गरी छनोटका लागि कार्यकारी समितिमा सिफारिस गर्न देहाय अनुसारको छनोट समिति रहनेछः

| | |
|---|---|
| क) प्रशासकीय प्रमुख, परिषद् | संयोजक |
| ख) प्रतिनिधि (उपसचिवस्तर), युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रकको कार्यालय | सदस्य |

घ) आर्थिक प्रशासन शाखा प्रमुख, परिषद् सदस्य

ङ) युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा प्रमुख, परिषद् सदस्य सचिव

(२) छनोट समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

८. <u>छनोटका न्यूनतम आधारः</u> (१) छनोट समितिले दफा ६ बमोजिम पेश भएका प्रस्तावहरूको मूल्याङ्कन देहायका न्यूनतम आधार र समितिले आवश्यक ठहऱ्याएका अन्य आधारसमेत समावेश गरी अङ्क विभाजन गरी गर्नु पर्नेछः

क) देशका सबै स्थानीय तहसम्म वित्तीय सेवाको पहुँच वा वित्तीय सेवा दिने क्षमता भएको,

ख) उद्यम कार्यक्रममा ऋण लगानी र असुली गरेको अनुभव भएको,

ग) सबैभन्दा कम सेवा शुल्क प्रस्ताव गरेको ।

(२) छनोट समितिले सिफारिस गरेका आधारमा परिषद्को कार्यकारी समितिले छनोटको निर्णय गर्नेछ ।

(३) छनोट भएको संस्थासँग परिषद्ले यसै निर्देशिकाबमोजिम ऋण लगानी तथा असुली गर्ने अवधिसम्मका लागि आवश्यक सर्तसहित सम्झौता गर्नेछ ।

(४) छनोट भएको संस्थाको सेवा, सर्त तथा सुविधा द्विपक्षीय सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

परिच्छेद-५

## युवा उद्यम प्रस्ताव आह्वान, छनोट तथा सम्झौता

९. <u>प्रस्ताव आह्वानः</u> (१) युवा उद्यम कार्यक्रममा सहभागिताका लागि परिषद्ले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा ३० (तीस) दिने सार्वजनिक सूचनामार्फत प्रस्ताव आह्वान गर्नेछ र उक्त सूचना परिषद्को वेबसाइटमा समेत राखिने छ ।

(२) परिषद्ले यसबारेमा सबै प्रदेशहरूलाई समेत जानकारी गराउनेछ र प्रदेशहरूले समेत आफ्नो प्रदेशस्थित स्थानीय तहहरुलाई जानकारी गराउनु पर्नेछ ।

(३) उक्त अवधिमा तोकिएको कोटाभन्दा कम्तीमा १० प्रतिशत थप प्रस्ताव पेश हुन नआएमा परिषद्ले १५ (पन्ध्र) दिनसम्मको समय थप गरी पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्नुअघि उपलब्ध स्रोतको अवस्थाको आधारमा परिषद्को कार्यकारी समितिले निर्णय गरी राज्यको कुनै निश्चित क्षेत्र (भूगोल) तोकेर प्रस्ताव आह्वान गर्नसमेत सक्नेछ।

(५) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि दफा ५ बमोजिम योग्यता पुगेका युवाको समूहले उद्यम सञ्चालन गर्नको लागि प्रस्ताव पेश गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र उद्यम प्रस्तावना संलग्न गरी परिषद्को कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव सरोकारवाला व्यक्ति स्वयं उपस्थित भई वा हुलाकबाट राष्ट्रिय युवा परिषद्मा पेश गर्न सकिनेछ ।

१०. <u>उद्यम प्रस्तावना मूल्याङ्कनका आधारहरूः</u> उद्यम प्रस्ताव मूल्याङ्कनका आधारहरू अनुसूची-६ मा तोकिएबमोजिम हुनेछन् ।

११. <u>सिफारिस समितिः</u> (१) रितपूर्वक प्राप्त भएका उद्यम प्रस्तावहरूलाई दफा १० को आधारमा मूल्याङ्कन सहित प्राथमिकताक्रम निर्धारण गरी कार्यकारी समितिमा सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

| | |
|---|---|
| क) युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा प्रमुख, परिषद् | संयोजक |
| ख) कार्यकारी उपाध्यक्षले तोकेका उद्यम क्षेत्रका विज्ञ एकजना | सदस्य |
| ग) केन्द्रमा वित्तीय कारोबार गर्न छनौट भएको वित्तीय संस्थाको प्रतिनिधि एकजना | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख, परिषद् | सदस्य |
| ङ) सम्बन्धित शाखा अधिकृत, परिषद् | सदस्य सचिव |

(२) आवश्यकता अनुसार उद्यमको प्रस्तावको विषय क्षेत्र अनुसार उपसमिति गठन गर्न सकिनेछ ।

३ सिफारिस समितिले आवश्यकता अनुसार अन्य विशेषज्ञहरू आमन्त्रण गर्न सकिनेछ ।

(४) सिफारिस समितिको बैठकसम्बन्धी निर्देशिका सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) छनोटका लागि सिफारिस गर्दा निर्धारित कोटाको बढीमा १० (दस) प्रतिशत थप समूहसमेत सिफारिस गर्नु पर्नेछ।

१२. <u>छनोट तथा कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u> (१) सिफारिस समितिबाट छनोटका लागि सिफारिस भई आएका प्रस्ताव कार्यकारी समितिले आवश्यक निर्णय गरी कार्यान्वयका लागि पठाउनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावहरूको छनोट गर्नुपूर्व सिफारिस समिति वा कार्यकारी समितिले आवश्यक देखेमा प्रस्तावित उद्यम स्थापना गर्ने क्षेत्रको स्थलगत अनुगमन, निरीक्षण साथै सरोकारवालाहरूसँग छलफल, सोधपुछ, विचार विमर्श गर्न कर्मचारी खटाउन सक्नेछ ।

(३) उद्यम प्रस्तावहरूको छनोटको विवरण केन्द्रमा वित्तीय कारोबारका लागि छनोट भएको वित्तीय सेवाप्रदायक संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) को विवरणका आधारमा केन्द्रमा वित्तीय कारोबार गर्ने संस्थाले सम्बन्धित स्थानीय तहका लागि वित्तीय सेवा प्रदान गर्न सक्ने सम्भावित संस्थाहरूको विवरण परिषद्मा उपलब्ध गराउनु पर्नेछ ।

(५) तोकिएको समयमा सम्झौता नगरे/नभएमा वैकल्पिक सूचीमा रहेका उद्यम समूहलाई छनोट गरी सम्झौताको प्रक्रिया अगाडि बढाइनेछ ।

(६) उद्यमी समूहले उद्यम गर्नका लागि ऋण लिई कुनै कारणले उद्यम गर्न नसकेको अवस्थामा कार्यकारी समितिले सोको अनुगमन गरी गराई तत्काल आवश्यक निर्णय लिनु पर्नेछ ।

(७) उद्यमी समूहको सदस्यहरूमध्ये कुनै सदस्य उद्यम गर्न छाडी कतै गएमा, मृत्यु भएमा, पलायन भएमा वा अन्य कारणबाट समूह सदस्य रिक्त भएमा सो सदस्यको सट्टा सोही स्थानीय तह/वडाको दफा ३ बमोजिमको युवालाई समूहले स्थानीय तहको सिफारिसमा समावेश गराई सोको जानकारी लिखित रूपमा परिषद्मा जानकारी गराउनु पर्नेछ ।

(८) कुनै कारणले समूहले उद्यम परिवर्तन गर्न चाहेमा वा पहिले पेश गरेको प्रस्ताव अनुसार उद्यम सञ्चालन गर्नमा बाधा अड्चन आइपरेमा सम्बन्धित स्थानीय तहमा कारण सहितको निवेदन र साथमा प्रस्तावित उद्यम योजनासमेत संलग्न राखी सम्बन्धित समूहले निवेदन दिनु पर्नेछ ।

(९) स्थानीय तहले वित्तीय सेवाप्रदायक संस्थाको समेत राय लिई उद्यम परिवर्तनका निम्ति निवेदनमा खुलाइएको कारण मनासिब देखेमा सिफारिससहित परिषद्मा लेखी पठाउनेछ । यसरी पेश हुनआएको प्रस्ताव परिषद्को कार्यकारी समितिको निर्णयअनुसार कार्यान्वयन गरिनेछ ।

१३. <u>सम्झौताः</u> (१) युवा उद्यम समूह छनोट भएको सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र परिषद् र केन्द्रमा वित्तीय कारोबारका लागि छनोट भएको वित्तीय सेवाप्रदायक संस्था बीच द्विपक्षीय सम्झौता गरिनेछ।

(२) सम्बन्धित स्थानीय तह, वित्तीय सेवाप्रदायक संस्था र छनोट भएका युवा उद्यम समूहबीच परिषद्ले तोकेको ढाँचामा ३० (तीस) दिनभित्र त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(३) सम्झौताको प्रथम पक्ष सम्बन्धित स्थानीय तह, दोस्रो पक्ष वित्तीय सेवाप्रदायक संस्था र तेश्रो पक्षमा सम्बन्धित उद्यमी युवा समूह रहनेछन् ।

(४) प्रथम पक्षमा सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख र रोहबरमा स्थानीय तहका उद्यम सञ्चालन हुने वडाको वडा अध्यक्ष हुनेछन् भने दोस्रो पक्षमा वित्तीय सेवाप्रदायक संस्थाका प्रमुख र रोहबरमा एकजना प्रतिनिधि तथा युवा उद्यमी समूहको तर्फबाट उद्यमी समूहको अध्यक्ष र रोहबरमा समूहका एक सदस्य रहनेछन् ।

(५) सम्बन्धित स्थानीय तह, वित्तीय कारोबार गर्ने छनौट भएको संस्था र उद्यमका लागि छनौट भएको युवा समूहबीच त्रिपक्षीय संझौता गर्दा परिषद् र केन्द्रमा वित्तीय कारोबारका लागि छनोट भएको संस्थाबीच भएको सम्झौतामा उल्लेखित सर्तहरूको अधिनमा रही गर्नु पर्नेछ ।

(६) सम्झौताको एक-एक प्रति सम्बन्धित युवा उद्यम समूह, सम्बन्धित स्थानीय तह, वित्तीय कारोबार गर्ने संस्था र परिषद्लाई पठाउनु पर्नेछ ।

परिच्छेद-६

## कोष तथा बजेट व्यवस्थापन

१४. बजेटः (१) छनोट भएका उद्यमी समूहलाई प्रति समूह बढीमा रु. ५ (पाँच) लाखका दरले बिनाधितो, बिनाब्याज उपलब्ध गराउनुपर्ने कर्जा परिषद्ले केन्द्रमा कारोबार गर्ने वित्तीय संस्थालाई एकमुष्ठ उपलब्ध गराउनेछ ।

(२) वित्तीय सेवा प्रदान गरेबापत सञ्चालन तथा व्यवस्थापन खर्च सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(३) त्रिपक्षीय सम्झौता सम्पन्न भईसकेपछि उद्यमी समूहले ७ सातदिन भित्र सम्बन्धित युवा उद्यम समूहको बैठकको निर्णयानुसार युवा उद्यमी समूहको अध्यक्ष र कोषाध्यक्ष वा लेखा हेर्ने सदस्यको संयुक्त दस्तखतबाट वित्तीय कारोबारका लागि छनोट भएको संस्थामा बचत खाता खोली रु. ५ (पाँच) लाखको ५ (पाँच) प्रतिशत बराबरको रकम उक्त खातामा जम्मा गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पन्न भएपछि स्थानीय स्तरमा वित्तीय कारोबार गर्ने संस्थाले ७ दिन भित्र प्रति उद्यम समूह रु. ५ (पाँच) लाखका दरले हुन आउने रकम केन्द्रीय वित्तीय कारोबार गर्ने संस्थासँग निकासा माग गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको रकम निकासा माग गरेको ७ सातदिन भित्र केन्द्रीय वित्तीय कारोबार गर्ने संस्थाले उल्लिखित रकम उपलब्ध गराउनु पर्नेछ ।

(६) केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थाबाट रकम निकासा भएपछि स्थानीय वित्तीय सेवाप्रदायक संस्थाले उद्यमको अनुगमन गरी ७ सातदिन भित्र सम्बन्धित समूहको खातामा सम्झौताबमोजिमको रकम एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको समयमा रकम निकासा हुन नसकेमा सोको कारण खुलाई स्थानीय वित्तीय सेवाप्रदायक संस्थाले सम्बन्धित स्थानीय तह र केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थालाई तत्काल जानकारी गराउनु पर्नेछ ।

(८) केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थाले उपदफा (७) बमोजिमको अवस्थाको जानकारी परिषद्लाई गराउनु पर्नेछ र यस विषयमा परिषद्ले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

(९) प्रत्येक समूहले प्राप्त गरेको रकम एक वर्षसम्म पूर्णरूपमा परिचालन गर्न पाउनेछ ।

(१०) कुल ऋण रकमको दोस्रो वर्ष १० (दश) प्रतिशत, तेस्रो वर्ष २० (बीस) प्रतिशत, चौथो वर्ष ३० (तीस) प्रतिशत र पाचौ वर्ष ४० (चालिस) प्रतिशत रकम सम्झौतामा उल्लेख गरिएको समयभित्र पूर्णरूपमा वित्तीय सेवाप्रदायक संस्थामा फिर्ता गर्नु पर्नेछ ।

(११) यदि समूहले दोस्रो वर्षदेखि माथि तोकिएको न्यूनतम रकम बाहेक बढी रकम तोकिएको समयअगावै फिर्ता गर्न चाहेमा फिर्ता गर्न सक्नेछ ।

(१२) भुक्तानीसम्बन्धी अन्य प्रक्रिया सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(१३) समूहबाट फिर्ता भएको रकम स्थानीय वित्तीय सेवाप्रदायक संस्थाले केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थामा र केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थाले सम्झौताबमोजिम परिषद्ले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

१५. रकम फिर्ता गर्नेः (१) युवा उद्यमीले ऋण फिर्ता गरेको रकम र तोकिएको समयमा युवा उद्यम समूहमा लगानी हुन नसकेको रकम परिषद्ले तोकेको खातामा फिर्ता गर्नु पर्नेछ ।

(२) यस निर्देशिकामा व्यवस्था भएबमोजिम उल्लिखित रकम अन्य युवा समूहलाई पुनः युवा उद्यमको क्षेत्रमा लगानी गर्न सकिनेछ ।

परिच्छेद-७

## सरोकारवाला निकायको भूमिका

१६. जिल्ला युवा समितिका अध्यक्षः यस निर्देशिका बमोजिम युवा उद्यम कार्यक्रम कार्यन्वयनका सन्दर्भमा जिल्ला युवा समितिका अध्यक्षको भूमिका देहायबमोजिम हुनेछः

(१) आफ्नो जिल्लाभित्रका युवालाई परिषद्को युवा उद्यम कार्यक्रममा सहभागी हुन सूचना प्रवाह गर्ने एवं कार्यक्रमका बारेमा जानकारी गराउने,

(२) सञ्चालन भएका युवा उद्यम कार्यक्रमको अनुगमन गरी उद्यमीलाई आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्ने तथा सोको अनुगमन प्रतिवेदन परिषद्मा पठाउने,

(३) युवा उद्यम कार्यक्रमको र समूहको विवरण अध्यावधिक गर्ने र सोको जानकारी परिषद्मा गराउने,

(४) युवा उद्यम कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम सञ्चालन भएका स्थानीय तहसँग समन्वय गर्ने ।

१७. स्थानीय तहको भूमिकाः यस निर्देशिका बमोजिम युवा उद्यम कार्यक्रम कार्यन्वयनका सन्दर्भमा स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः

(१) आफनो स्थानीय तह भित्रका युवालाई परिषद्को युवा उद्यम कार्यक्रममा सहभागी हुन सूचना जारी गर्ने,

(२) रितपूर्वकका निवेदनहरूमध्ये उद्यमको सम्भाव्यतालाई समेत मध्यनजर गरी परिषद्मा सिफारिस गरी पठाउने,

(३) परिषद्बाट छनोट भई आएका युवा समूहसँग उद्यम सञ्चालनका लागि सम्झौता गर्ने,

(४) कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्नका लागि आवश्यक पर्ने सिफारिस, प्राविधिक सहयोग, स्थानीय स्रोत साधनको उपलव्धतामा सहजीकरण, अनुगमन, निरीक्षण र पृष्ठपोषण गर्ने,

(५) स्थानीय युवाहरूलाई व्यावसायिक सिप प्रदान तथा स्वरोजगार गराउन परिषद्लाई आवश्यक पर्ने तथ्याङ्क तथा अन्य विवरण उपलव्ध गराउने,

(६) आवश्यकता देखिएमा यस निर्देशिका बमोजिम थप बजेट व्यवस्था गरी युवा उद्यम कार्यक्रम सञ्चालन गर्ने,

(७) युवा उद्यम कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला युवा समितिका अध्यक्षसँग आवश्यक समन्वय गर्ने ।

१८. <u>वित्तीय सेवाप्रदायक संस्थाको भूमिकाः</u> यस निर्देशिका बमोजिम युवा उद्यम कार्यक्रम कार्यन्वयनका सन्दर्भमा वित्तीय सेवाप्रदायक संस्थाको भूमिका देहायबमोजिम हुनेछः

(१) केन्द्रमा छनोट भएको वित्तीय सेवाप्रदायक संस्थाले यस निर्देशिका र परिषद्सँग भएको सम्झौता बमोजिमका कार्यहरू समयमै सम्पादन गर्नु गराउनुपर्ने,

(२) वित्तीय सेवाप्रदायक संस्थाले संस्थाको आधार लागत (Cost of Fund) बाट युवा उद्यम समूहमा लगानी गर्न चाहेमा दफा ९ बमोजिम प्रस्ताव पेश गर्ने युवा समूहबाट छनोट गरी इच्छुक समूहलाई सहुलियपूर्ण कर्जा लगानी गर्न सक्ने,

(३) स्थानीय स्तरमा वित्तीय सेवा प्रदान गर्न छनोट भएको संस्थाले यस निर्देशिका र सम्झौता बमोजिमका कार्यहरू समयमै सम्पादन गर्नु गराउनु पर्ने ।

१९. <u>युवा उद्यम समूहको भूमिकाः</u> (१) यस निर्देशिका बमोजिम ऋण प्राप्त गरी उद्यम गर्न छनोट भएका युवा उद्यमी समूहले यस निर्देशिका र सम्झौतामा उल्लेख भए बमोजिम कर्जा प्राप्त गरी उद्यम सञ्चालन गर्ने, सो को नियमित रुपमा प्रतिवेदन र किस्ता फिर्ता कार्य समयमा नै सम्पन्न गर्नु पर्नेछ ।

(२) उद्यम स्थलमा अनुसूची-७ बमोजिमको ढाँचामा अनिवार्य रुपमा ब्यानर बनाई राख्नु पर्नेछ ।

परिच्छेद-८

## <u>समन्वय तथा सहकार्य</u>

२०. <u>समन्वय तथा सहकार्यः</u> (१) युवा समूहद्वारा प्रस्तावित उद्यम सञ्चालनको लागि बिनाधितो, बिनाब्याज ऋण प्रदान गर्ने व्यवस्था भएकोले उद्यमको प्रभावकारी कार्यान्वयनका लागि परिषद्ले मन्त्रालय, विभिन्न सरकारी, गैरसरकारी संस्था, सहकारी तथा अन्य संघसंस्थाहरूसँग समन्वय, सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(२) परिषद्ले उद्यम कार्यक्रम सञ्चालन गर्ने अन्य निकाय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, व्यावसायिक सिप विकास तालिम प्रतिष्ठान, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT), युवा तथा साना व्यावसायी स्वरोजगार कोष, कृषि तालिम प्रवर्द्धन केन्द्र, रोजगार समन्वय केन्द्र, बैक तथा वित्तीय संस्था, वीमा कम्पनी लगायतका उद्यम प्रवर्द्धनमा प्रत्यक्ष/परोक्ष रूपमा काम गर्ने संस्थाहरूसँग आवश्यकता अनुसार द्विपक्षिय समझदारी (MoU) गरी सहकार्य गर्न सक्नेछ ।

परिच्छेद-९

## अनुगमन तथा मूल्याङ्कन

२१. अनुगमन तथा मूल्याङ्कनः (१) उद्यम गर्ने युवा समूहको स्थलगत अनुगमन गरी आवश्यक सहजीकरण र पृष्ठपोषण गर्ने, समयमै कर्जा असुलीमा सहयोग गर्ने, उत्कृष्ट उद्यम गर्ने र तोकिएको समयभन्दा अगावै कर्जा फिर्ता गर्ने समूहको मूल्याङ्कन गरी परिषद्मा सिफारिस गरी पठाउने समेतका कार्यका लागि सम्बन्धित स्थानीय तहमा देहायबमोजिमको एक स्थानीय अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) उद्यम सञ्चालनमा रहेको वडाको वडाध्यक्ष | संयोजक |
| (ख) जिल्ला युवा समितिका अध्यक्ष | सदस्य |
| (ग) स्थानीय वित्तीय सेवा प्रदायक संस्थाको प्रतिनिधि | सदस्य |
| (घ) स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

(२) अनुगमनलाई थप प्रभावकारी र नतिजामुखी बनाउन आवश्यक सूचक बनाई परिषद्ले मन्त्रालय, केन्द्रीय वित्तीय कारोबार गर्ने संस्थासँग संयुक्त रूपमा अनुगमन निरीक्षण गर्न सक्नेछ ।

(३) परिषद्ले आवश्यकताअनुसार विषयविज्ञ तथा सरोकारवाला पक्षबाट समेत कार्यक्रमको प्रभावकारिताका निम्ति अनुगमन, निरीक्षण र अध्ययन गराई पृष्ठपोषण तथा सुझावहरू लिन सक्नेछ ।

(४) उद्यमको अनुगमन गर्ने व्यक्ति तथा निकायले अनुगमन पश्चात सुझावसहितको अनुगमन प्रतिवेदन परिषद्मा उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद-१०

## प्रतिवेदन

२२. प्रतिवेदनः (१) उद्यमी समूहले अनुसूची-४ बमोजिमको ढाँचामा आफू सञ्चालनमा रहेको स्थानीय तहमा वार्षिक रूपमा प्रगति विवरण पठाउनु पर्नेछ ।

(२) स्थानीय स्तरमा वित्तीय सेवाप्रदायक संस्थाले युवा उद्यम समूहमा गरेको लगानीको अवस्था, स्थलगत अनुगमन तथा मूल्याङ्कन गरी लगानीको सदुपयोग तथा असुलीको विवरण केन्द्रीय वित्तीय सेवाप्रदायक संस्थामार्फत परिषद्मा वार्षिक रूपमा पठाउनु पर्नेछ ।

परिच्छेद-११

## पुरस्कार तथा दण्ड सजाय

२३. पुरस्कारः (१) युवा उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हासिल गर्ने उद्यम समूहलाई परिषद्को निर्णयबाट नगद तथा प्रमाणपत्रद्वारा पुरस्कृत गर्न सकिनेछः

क) सिर्जनात्मक कार्य गरी अधिकतम रोजगार सिर्जना गरेको,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरेको,

ग) तोकिएको समयमै वा समयअगावै ऋण रकम फिर्ता गरेको,

घ) निर्यात वृद्धि र आयात प्रतिस्थापन गर्न योगदान पुऱ्याएको,

ङ) उत्पादन गरिएका सामाग्रीहरूको उच्च गुणस्तर कायम भएको,

च) उद्यमको विकासले स्थानीय समुदाय तथा क्षेत्रमा सकारात्मक प्रभाव परेको,

छ) उद्यम समूहले तोकिएको ढाँचामा सम्बन्धित तहमा समयमै प्रतिवेदन पेश गरेको,

ज) परिवारको आयमा उल्लेख्य वृद्धिको अवस्था देखिएको,

झ) कार्ययोजना अनुसार कार्यसम्पादन गरेको, आदि ।

(२) मूल्याङ्कनबाट उत्कृष्ट ठहरिएका उद्यम समूहलाई प्रोत्साहनस्वरूप कार्यकारी समितिले निर्णय गरेबमोजिमको रकम बिनाधितो, बिनाब्याज पुनः कर्जाको रूपमा उपलब्ध गराउन सकिनेछ ।

२४. दण्ड सजायः (१) उद्यमी समूहले तोकिएको समयमा सम्झौता गर्न नआएमा वैकल्पिक समूहलाई सम्झौताका लागि सूचित गरिनेछ ।

(२) छनोट भई सम्झौता नगर्ने उद्यमी समूहलाई परिषद्बाट यसपछि सञ्चालन गरिने कुनै पनि कार्यक्रमहरूमा सामान्यतः सहभागी गराईने छैन ।

(३) उद्यमी समूहबाट तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भएबमोजिम र सो उल्लेख नभएकोमा प्रचलित कानूनबमोजिम हर्जना (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम समूहका सदस्यको नाममा रहेको चल, अचल सम्पत्तिबाट सरकारी बाँकीसरह असूलउपर गरिनेछ ।

(४) उपदफा (३) को कार्यमा स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहबाट परिषद्ले आवश्यक सहयोग लिई ऋण असुली गर्ने कार्यमा वित्तीय संस्थालाई सघाउनेछ ।

परिच्छेद-१२

## विविध

२५. सहयोग गर्नुपर्नेः यस निर्देशिका बमोजिम युवा उद्यम कार्यक्रममा आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्नु सम्बन्धित सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

२६. बिमाको व्यवस्थाः (१) कर्जाको सुरक्षणका लागि उद्यम समूहले आफ्नो उद्यमको नियमानुसार बिमा गर्नु पर्नेछ ।

(२) बिमा शुल्क उद्यम समूहले स्वयमले वहन गर्नु पर्नेछ ।

(३) बिमा गराउन सहजीकरण गर्ने दायित्व सम्बन्धित वित्तीय सेवाप्रदायक संस्थाको हुनेछ ।

२७. व्याख्या गर्ने अधिकारः यस निर्देशिकामा भएको कुनै व्यवस्था अस्पष्ट हुनआएमा सोको अन्तिम व्याख्या गर्ने अधिकार परिषद्मा रहनेछ ।

२८. निर्देशिका संशोधन गर्न सकिनेः (१) परिषद्ले आवश्यकताअनुसार यो निर्देशिकामा संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको जानकारी परिषद्ले सार्वजनिक गर्नुपर्नेछ ।

२९. बाधा अड्काउ फुकाउनेः (१) यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधाअड्काउ आइपरेमा परिषद्को कार्यकारी समितिले त्यस्तो बाधाअड्काउ फुकाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकाइएको विषय परिषद्बाट अनुमोदन गराउनुपर्नेछ ।

३०. सहजीकरण तथा सहकार्यः (१) प्रदेश र स्थानीय तहमा परिषद्को संरचना कायम भएको अवस्थामा युवा उद्यम कार्यक्रमको संयोजन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनसम्बन्धी कार्यमा सो संरचनामार्फत सहजीकरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको संरचना कायम नहुँदासम्मको अवस्थामा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगामा र सहजीकरणका विषयमा परिषद्ले निर्णय गरी युवा मामिला हेर्ने सम्बन्धित प्रदेशस्तरीय मन्त्रालय वा विभाग वा निकायसंग सहकार्य गर्न सक्नेछ ।

३१. खारेजी र बचाउ : (१) युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ बमोजिम भएगरेका कामकारवाही यसै निर्देशिका बमोजिम भएगरेको मानिनेछ ।

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

## उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरूको विस्तृतीकरण

(क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम व्यवसायः तरकारी खेती, फलफूल खेती, अन्न उत्पादन, माछा पालन, हाँस, कुखुरा, बट्टाइ, खरायो, बाख्र, गाई, भैसी, भेडा, च्याङ्ग्रा, चौंरी, अकबरे, अम्रिसो, अदुवा, लसुन, खुर्सानी, दुधडेरी र दुधबाट बनेका परिकारहरू, रेशम खेती र उत्पादन भएका सामग्रीहरू, किवी खेती, विउविजन उत्पादन तथा प्रशोधन र संरक्षण आदि ।

(ख) बन (औषधीजन्य जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसायः फर्निचर, काठका सजावट सामग्री, क्युरियो सामग्री, अलैची, औषधिका लागि कच्चा सामग्रीहरू उत्पादन, चिरैतो, सामुदायिक वन ।

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसायः विज्ञानका आविश्कारहरू, आइ. सी. टी. सम्बन्धी व्यवसायहरू, मोबाइल, रेडियो टिभी मर्मत तथा बिक्री केन्द्र, फोटो तथा सुटिङ स्टुडियो, फोटोग्राफी, रेडियोग्राफ, भाषा परिक्षण, भाषा रूपान्तरण, ट्युशन, कोचिङ कक्षाहरू

(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसायः भाषा प्रशिक्षण, होटल व्यवसाय, क्युरीयो सामान निर्माण र विक्री, होमस्टे, रिसोर्ट, टुरिष्टगाइड

(ङ) निर्माणमा आधारित उद्यम व्यवसायः फलाम, काठ, माटो, ढुंगा, इटा, टायल, सिमेन्ट, वेतबाँस, तारजाली, छाला आदिका उद्योगहरू र बनेका सामग्रीहरू, हस्तकला, चित्रकला, मूर्तिकला, हाउस वायरिङ, रङरोगन, गोबर ग्यास, उन्न्त चुलो, डकर्मी, सिकर्मी, क्रसर ।

(च) कलामा आधारित उद्यम व्यवसायः ढाका, मखमल, सुती, ऊन आदिका कपडा बुन्ने, बेतबाँस तथा परालजन्य सामग्री, डोको, नाम्लो, मान्द्रो, सुकुल, गुन्द्री, गलैंचा आदि बनाउने, कपडा सिलाइबुनाइ, बुटिक, फेसन डिजाइन, ब्युटीपार्लर, हेयर कटिङ, मेहन्दी, चुरापोते डिजाइन, सजावटका सामग्री, खेलौना, धुप, मैनबत्ती, गरगहनाहरू, पेन्टिङ

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित उद्यम व्यवसायः सांस्कृतिक परम्परागत नृत्य, बाध्यबादन, कविता, कथा, निबन्ध, गायन, गीत रचना, नृत्य, संगीत आदि ।

(ज) खाद्य प्रशोधनमा आधारित उद्यम व्यवसायः अचार, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, मासु, माछा, करेला, मुला आदि), सिस्नो, चिया (तुलसी, ग्रिन टी आदि), दालमोठ, चिप्स, जुस तथा पेय पदार्थहरू

(झ) खेलकुदमा आधारित उद्यम व्यवसायः खेलका विभिन्न विधा अन्तर्गतका उद्यम व्यवसायहरू

(ञ) नवप्रवर्तनका क्षेत्रमा आधारित उद्यम व्यवसायः नविनतम, खोजमूलक, आविष्कार आदि सम्बन्धी उद्यम व्यवसायहरू

(ट) परिषद्ले आवश्यकता महशुस गरी छनोट गरिने अन्य उद्यम व्यवसायहरू ।

अनुसूची-२

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## युवा उद्यम कार्यक्रममा सहभागिताका लागि दिइने निवेदनको ढाँचा

मितिः

श्री राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर ।

विषयः युवा उद्यम कार्यक्रमका लागि निवेदन पेश गरेको ।

उपर्युक्त सम्बन्धमा हामी तपसिलका युवाहरूले ....... जिल्ला .............. नगरपालिका/गाँउपालिकाको वडा नं............मा ............................ (उद्यमको नाम) सञ्चालन गर्न चाहेको हुनाले युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ ( प्रथम संशोधन २०८०) बमोजिम उपलब्ध गराइने कर्जा पाँउ भनी कार्यविधिले निर्धारित गरेको सर्तहरूमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौँ । उल्लेख गरिएका तथा पेश गरेका विवरणहरू फरक परेमा तथा झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला भनी मन्जुर छौं।

युवा उद्यम समूहको विवरण

१. युवा उद्यम समूहको नामः ..................................

२. युवा उद्यम समूहको ठेगानाः प्रदेश .......जिल्लाः ..................... गाउँपालिका/नगरपालिका ................................ वडा नं ..................................... टोलः ..........................

३. समूहको दर्ता नंः .......... ४. दर्ता भएको स्थानीय तहः ........ ५. दर्ता मितिः ...................

६ सम्पर्क व्यक्तिको नामः .............................. पदः ........................ ठेगाना ...............................

सम्पर्क नम्बरः .................... ७. युवा उद्यम समूह अध्यक्षको नाम ................ ८. युवा उद्यम समूहको छाप ...........

९. निवेदक युवा उद्यम समूहका सदस्यहरूको विवरणः

परिच्छेद ३ दफा ५(१) को प्रकरण (ख), (ग) र दफा ५(२) को (घ) मा भएको व्यवस्था सम्बन्धमा पूर्ण सहमत छौं। अन्यथा भएको खण्डमा कानुन बमोजिम सहनेछौं।

| क्र.सं. | नामथर | उमेर | पद | शैक्षिक योग्यता | स्थायी ठेगाना | सम्पर्क फोन नं. | इमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू</u>

१. एउटै स्थानीय तह भित्रका वडाको १६ देखि ४० वर्ष उमेरका कम्तीमा पाँच जना युवा समूहको नामावलीको सूची १

२. सम्बन्धित स्थानीय तहमा समूह दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि थान १

३. सम्बन्धित स्थानीय तह सिफारिस १ थान

४. पाँच वर्षे उद्यम प्रस्ताव थान – १

५. उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको नागरिकताको प्रतिलिपि १/१ थान

६. उद्यम सञ्चालन गर्ने समूहका सदस्यहरूको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (कम्तीमा आधारभूत तह कक्षा ८ उतिर्ण गरेको हुनुपर्नेछ) थान १/१

७. उद्यम सञ्चालन गर्नका लागि निवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि थान १

८. समूहका सदस्यहरू तालिम प्राप्त भए तालिम प्रमाणपत्रको प्रतिलिपि थान १/१

९. समावेशी समूहका लागि आवश्यक पर्ने प्रमाण

नोट : माथि उल्लेखित कागजातहरू अनुसूची ५ बमोजिमको ढाँचामा अनिवार्य रूपले पञ्जिका बनाई समावेश गरिनु पर्नेछ।

अनुसूची-३

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## <u>उद्यम प्रस्तावको ढाँचा</u>

| क्र.स. | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, उद्देश्य सहित संक्षिप्त परिचय | समूहको नामः ............................<br>उद्यमको संक्षिप्त परिचय ............................<br>उद्यमको उद्देश्य ............................<br>उद्यमको क्षेत्र ........................<br>उद्यमबाट उत्पादन हुने बस्तु/सेवाको नाम.................... |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश ............................ जिल्ला.................... गापा/नपा.......... वडा नं. .......... टोल............. |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | महिला .........................................<br>पुरुष .........................................<br>जनशक्तिको प्राप्ति .......................................... (स्थानीय स्तर वा बाह्य) |
| ४ | उद्यममा प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम ................................................<br>स्रोत (स्थानीय वा वाह्य) ..................................... |
| ५ | उद्यममा प्रयोग हुने मेसिन/औजारको विवरण | नाम ....................................<br>अनुमानित लागत .............................<br>स्रोत ................................ (बाह्य/स्थानीय) |
| ६ | उद्यमका लागि अनुमानित लागत | कूल रु ..............................<br>आफ्नो लगानी ...........................<br>बाह्य लगानी ................. |
| ७ | उत्पादित वस्तु/ सेवाको बजार क्षेत्र | बजारको नाम ..............................<br>(स्थानीय/जिल्ला/प्रदेश/राष्ट्रिय)<br>दुरी ..................................... |

| | | |
|---|---|---|
| | | ढुवानी खर्च ..................................<br>लक्षित ग्राहकहरू .............................<br>प्रतिस्पर्धाको अवस्था .......................<br>बजार विकासको सम्भावना .............................. |
| ८ | उद्यमबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु ................................<br>जम्मा अनुमानित वार्षिक खर्च ..............................................<br>वार्षिक अनुमानित नाफा रु ...................................... |
| ९ | रोजगारी पाउने युवाको अनुमानित संख्या (समूह सदस्य बाहेक) | महिला ..................................<br>पुरुष .........................................<br>अन्य .............................................<br>जम्मा ............................................... |
| १० | प्रस्तावित उद्यमसँग सम्बन्धित तालिम प्राप्त जनशक्ति | तालिम लिएका युवाको संख्या ................................<br>तालिमको विषय ........................................ र तालिमको अवधि ................ |
| ११ | अन्य (प्रविधिको प्रयोग, .... ) | ........... |
| १२ | उद्यमको कार्यान्वयन योजना (५ वर्षको) | .................. |

<u>उद्यममा संलग्न हुने युवाहरूको विवरण</u>

| क्र.सं. | नाम थर | पद | लिंग | ठेगाना | उमेर | शैक्षिक योग्यता | तालिमको नाम र अवधि | सम्पर्क नं. | निवेदकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | | | |

नोटः यो व्यवसायिक योजनाको एउटा नमूना हो । उल्लेखित विवरणहरू नछुटाई विस्तृत सूचना समावेश हुने गरी सृजनात्मक रूपमा व्यवसायिक योजना बनाउन सकिनेछ ।

युवा उद्यम समूहको छापः

युवा उद्यम समूहको अध्यक्षको दस्तखतः

नामथरः

मितिः

अनुसूची-४

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

१) स्थानीय तहको नाम र ठेगानाः

२) युवा उद्यम समूहको नामः

३) उद्यमको परिचयः उद्येश्य र संचालनको विधि/प्रक्रिया समेट्ने

४) उद्यम संचालन स्थानः

५) उद्यम संचालन भएको मितिः

६) उद्यम संचालन हुने अवधिः

७) हालसम्म उद्यमले गरेको मुख्य कार्य प्रगतिः

८) उद्यम संचालन गर्दा आइपरेका समस्याहरू ...............................................

९) ती समस्याहरू समाधानका लागि गरिएका प्रयासहरू ..................................

१०) यस वर्ष अनुगमन गरेको पटकः

११) अनुगमनबाट प्राप्त मुख्य मुख्य सुझावहरू र कार्यान्वयनका लागि गरिएका प्रयासहरूः

क) मुख्य सुझावहरू .......................... .............................................................

ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरू......................... .................................................

ग) केन्द्रबाट गर्नुपर्ने सुझाबहरु......................

१२) निष्कर्षः .........................................................

क) उद्यममा सम्लग्न युवाहरूको विवरण (जातिगत, लिङ्गगत)

| क्र.सं. | नाम थर | ठेगाना | लिङ्ग | दलित | जनजाति | ब्राम्हण क्षेत्री | मधेसी | अन्य | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

महिलाः पुरुषः जम्माः

संलग्न गर्नुपर्ने कागजात/प्रतिहरु

ख) युवा उद्यम समूहको बैठकको निर्णय उतार प्रति

ग) उद्यमवारे सरोकारवालाहरूलाई जानकारी गराएको कागज/प्रमाणका प्रतिलिपिहरू

घ) उद्यम शुरु भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरू)

ङ) उद्यम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तव्यको प्रति

च) उद्यमसँग सम्बन्धित फोटो र प्रतिवेदनको विद्युतीय प्रति

छ) संचालित उद्यमसँग सम्बन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने

ज) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतीय प्रति समेत उपलब्ध गराउने ।

अनुसूची-५

## पञ्जिकाको ढाँचा

| क्र.सं. | संलग्न कागजात | थान | पाना संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | युवा उद्यम समूहका सबै सदस्यको नामावली | | | |
| २ | उद्यम सञ्चालन गर्ने समूहका सबै सदस्यहरूको नागरिकताको प्रतिलिपि | | | |
| ३ | सम्बन्धित स्थानीय तहको सिफारिस | | | |
| ४ | समूहका सबै सदस्यहरूको माथिल्लो शैक्षिक योग्याताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ५ | समूह दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ६ | उद्यम क्षेत्रसँग सम्बन्धित तालिम प्राप्त भए सोको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ७ | उद्यम सञ्चालन गर्नका लागि निवेदन दिने समूहले गरेको निर्णयको प्रतिलिपि | | | |
| ८ | उद्यम प्रस्ताव (पाँच वर्षे कार्यान्वयन योजना सहित) | | | |
| ९ | अन्य कागजातहरू केही भए .............. | | | |
| | | | | |
| जम्मा कागजातहरू | | | | |

(नोटः पञ्जिकाको १ नं. मा भएको कागजातलाई सबैभन्दा माथि र क्रमशः सबैभन्दा तल ९ नं. को कागजात हुने गरी फाइलमा समावेश गर्ने ।)

अनुसूची-६

(दफा १० सँग सम्बन्धित)

## उद्यम प्रस्ताव मूल्याङ्कनका आधारहरू

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्क (बढीमा) | कैफियत |
|---|---|---|---|
| १ | उद्यमको प्रकृति | १० | उत्पादनमूलक उद्यमको प्रस्ताव भएमा १० अङ्क र अन्यको हकमा बढीमा ५ अङ्क |
| २ | उद्यममा सिपयुक्त जनशक्तिको उपयोग | १० | प्रस्तावित उद्यमसँग मिल्ने तालिम प्राप्त जनशक्ति प्रति व्यक्ति २ अङ्कका दरले बढीमा १० अङ्क (प्रस्तावित उद्यमसँग मेल खाने सात दिन वा सोभन्दा बढी अवधिको तालिमा भएमा मात्र) |
| ३ | उद्यममा प्रयोग हुने कच्चा पदार्थ | १० | स्थानीय कच्चा पदार्थ प्रयोग हुने भए १०<br>देशभित्रैबाट ल्याउनु पर्ने भए ८<br>विदेशबाट ल्याउनु पर्ने भए ६ |
| ४ | उद्यममा प्रयोग हुने मेशीनरीऔजार / उपकरण | १० | स्वदेश मै उपलब्ध हुने भए १०<br>विदेशबाट ल्याउनु पर्ने भए ५ |
| ५ | लागानीको सुनिश्चितता | १० | ऋण लिने रकमको कम्तीमा ३० प्रतिशत स्वलगानीको सुनिश्चितता भएको भए १०<br>कम्तीमा ३० प्रतिशत स्वलगानीको सुनिश्चितता नभए ५ |
| ६ | उत्पादित बस्तु/सेवाको बजार | १० | स्थानीय बजारमा खपत हुने १०<br>अन्यत्र लानु पर्ने भए ८<br>विदेश पठाउनु पर्ने भए ७ |
| ७ | रोजगारी सिर्जनाको अवस्था | १० | उद्यम स्थापना पछि थप रोजगारी सिर्जना हुने (समूह सदस्य बाहेक) प्रतिव्यक्ति २ का दरले बढीमा १० |
| ८ | स्थानीय श्रम तथा सिपको प्रयोग | १० | स्थानीय श्रम तथा सिपको प्रयोग १०, देश भित्रको सिपको प्रयोग ८<br>अन्तर्राष्ट्रिय सिपको प्रयोग हुने भए ५ |
| ९ | कार्यान्वयन योजनाको प्रक्षेपण (५ वर्षको) | १५ | प्रतिवर्ष विस्तारको योजना सहितको ५ बर्ष वा सो भन्दा बढीको प्रक्षेपण भएमा १५, प्रतिवर्ष विस्तारको योजना सहितको ५ बर्ष भन्दा कमको प्रक्षेपण भएमा १०<br>विस्तार योजना भएको तर प्रष्ट नभएमा ५<br>कार्ययोजना नै नभएमा ० |
| १० | उद्यममा समावेशी | ५ | प्रति महिला सहभागी वापत १ अङ्कका दरले बढीमा ५, |

| | | | |
|---|---|---|---|
| | सहभागिता | | दलित वा अल्पसख्यक समुदायका व्यक्ति सहभागी भए प्रति सहभागी वापत १ अङ्कका दरले बढीमा ५,<br>अपांगता भएका व्यक्ति सहभागी भए प्रति सहभागी वापत १ का दरले बढीमा ५,<br>(आवश्यक प्रमाण पेश गरेको आधारमा मात्रै मूल्याकन गरिने छ । कुल ५ अङ्कमा नबढ्ने गरी र एक व्यक्तिलाई एक पटक मात्र गणना गरिनेछ) |
| | जम्मा | १०० | |

नोटः १. तालिम प्राप्त नभए पनि अनुभव तथा परम्परागत सिप हस्तान्तरण हुने उद्यम भए तालिम वापतको अङ्क पाउनेछ।

२. कृषिमा आधारित उत्पादनमूलक उद्यमलाई विशेष प्राथमिकता दिइनेछ ।

३. राष्ट्रिय युवा परिषद्बाट इनोभेटिभ आइडियाबाट छनौट भइ इन्क्युवेसन पुरा गरेका युवाहरुलाइ र उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम लिएका युवाको समूहलाई विशेष प्राथमिकता दिइनेछ ।

४. एक पटक युवा उद्यम कार्यक्रममा छनोट भएको तर प्राविधिक कारणले लगानी हुन नसकेका समूहबाट पुनः पेश भएका प्रस्तावलाई प्राथमिकता दिइनेछ (लगानी हुन नसक्नुको यथोचित प्रमाण पेश भएमा मात्र) ।

उद्यम प्रस्ताव छनौटको मुख्य आधारः राष्ट्रिय युवा परिषद्बाट उद्यशीलता विकास तथा वित्तीय साक्षरता तालिम लिएका, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT PROJECT), गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA), जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, घरेलु विकास समिति, निजी स्तर आदिबाट व्यावसायिक तालिम प्राप्त गरेका युवा सम्मिलित उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनौट गर्नु पर्नेछ ।

अनुसूची-७

(दफा १९ (२) सँग सम्बन्धित )

## <u>ब्यानरको नमुना</u>

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद्‌बाट सञ्चालित

युवा उद्यम कार्यक्रम अन्तरगत बिनाधितो, बिनाब्याज प्राप्त सहुलियतपूर्ण कर्जाबाट सञ्चालित

................................................................ (उद्यमको नाम)

युवा उद्यम समूहको नामः ................................................................................................

ठेगानाः ......................................................................................................................

सम्पर्क नं. ....................................................

उद्यम सुरु गरेको मितिः ............................................

प्राप्त गरेको ऋण रकमः रु. ..............................................

वित्तीय कारोबार गर्ने संस्थाः ..................................

अनुसूची-८

<u>प्रस्तावित उद्यमको कार्यान्वयन योजनाको ढाँचा</u>

| क्रियाकलाप⇒ वर्ष | के गर्ने | कहिले गर्ने | कसरी गर्ने | बजेट व्यवस्था | | | | सम्भावित जोखिम | नाफाको लक्ष्य | रोजगारी सिर्जनाको लक्ष्य | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आफ्नो लगानी | परिषद्बाट ऋण | अन्य | जम्मा | | | | |
| पहिलो वर्ष | | | | | | | | | | | |
| दोस्रो वर्ष | | | | | | | | | | | |
| तेस्रो वर्ष | | | | | | | | | | | |
| चौथो वर्ष | | | | | | | | | | | |
| पाँचौ वर्ष | | | | | | | | | | | |

अनुसूची-९

(दफा १३(२) सँग सम्बन्धित)

<u>स्थानीय तह, वित्तीय करोवार गर्ने संस्था र उद्यमी युवा समूहबीच भएको सम्झौता</u>

(नमुना)

============================== (स्थानीय तहको नाम) (यसपछि पहिलो पक्ष भनिनेछ), ========================================== ====== (वित्तीय सेवाप्रदायक संस्थाको नाम) (यसपछि दस्रो पक्ष भनिनेछ) र ................. (युवा उद्यम समुहको नाम)(यसपछि तेस्रो पक्ष भनिनेछ) का बीच राष्ट्रिय युवा परिषद्वाट सञ्चालित युवा उद्यम कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहायको सर्त बन्देजहरू तीन ओटै पक्षले पूर्ण पालना गर्ने सर्तमा यो सम्झौता गरिएको छ।

प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरू:

१. राष्ट्रिय युवा परिषद्बाट छनोट भई आएका युवा उद्यम समूह र वित्तीय कारोबार गर्न मन्जुर भएको वित्तीय संस्थासँग त्रिपक्षीय सम्झौता गर्ने ।

२. युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका२०७७ बमोजिम प्रति समूह रु ५,००,००० (अक्षेरुपी: पाँच लाख रुपैयाँ) दोस्रो पक्ष मार्फत तेस्रो पक्षलाई बिनाधितो, बिनाब्याज कर्जा उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने।

३. उद्यमीको उद्यम कार्यान्वयन योजना अनुसार उद्यम संचालन भए नभएको बारेमा नियमित रूपमा स्थलगत अनुगमन तथा निरीक्षण गरी दोस्रो र तेस्रो पक्षलाई आवश्यक निर्देशन दिने।

४. निर्देशिकाबमोजिम ऋण लगानी तथा असुली प्रक्रियामा कुनै विवाद उत्पन्न भएमा वा उद्यमी समूहले लिएको कर्जाको सही सदुपयोग नभएमा विवाद समाधानका लागि सहजीकरण गर्ने ।

५. दोस्रो वा तेस्रोपक्षले यस निर्देशिका र यस सम्झौताबमोजिम तोकिएको जिम्मेवारी पुरा नगरेमा प्रचलित कानुनबमोजिम कारवाहीको प्रक्रिया अघि बढाउन सहजीकरण गर्ने ।

६. युवा उद्यमी समूहलाई उद्यमशीलता, वित्तीय साक्षरता र अन्य सिपमूलक तालिमको प्रबन्ध गर्न राष्ट्रिय युवा परिषद् र अन्य निकायहरू बीच समन्वय गरी आवश्यक व्यवस्था गर्ने ।

७. समूहमा कुनै सदस्य परिवर्तन भएमा, उद्यम परिमार्जन गरेमा, समयमा समूहमा लगानी तथा असुली हुन नसकेमा सोको जानकारी परिपद्लाई जानकारी गराउने ।

दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू:

१. युवा उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम प्रति उद्यम समूह रू. ५००,००० (अक्षरुपी: पाँच लाख रुपैयाँ) केन्द्रीय वित्तीय कारोबारका लागि छनोट भएको वित्तीय संस्थाबाट निकासा माग गरी सम्झौता भएको १५ (पन्ध्र) दिन भित्रमा बिनाधितो, बिनाब्याज ऋण तेस्रो पक्षको नाममा खोलेको खातामा रकम जम्मा गरिदिने ।

२. तेस्रो पक्षमा लगानी गरिएको ऋण रकम त्रिपक्षीय सम्झौतामा उल्लेख गरिएको र कार्यविधिले तोकेबमोजिमको किस्ताबन्दीमा दोस्रो वर्षदेखि प्रत्येक वर्षको माघ मसान्तभित्र तेस्रो पक्षबाट असुली गर्ने र फागुन १५ गते भित्र केन्द्रीय वित्तीय कारोबार गर्ने संस्थामा पठाई सक्ने साथै सोको विवरण पहिलो पक्ष र केन्द्रीय वित्तीय कारोबार गर्ने संस्थाले माग भएको बेला उपलब्ध गराउन सकिने गरी अध्याबधिक गर्ने ।

३. निर्देशिकाबमोजिम ऋण लगानी तथा असुली प्रक्रियामा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि पहिलो पक्षसँग आवश्यक समन्वय गरी विवाद समाधान गर्ने ।

५. उद्यम सञ्चालन भए नभएको बारेमा नियमित रूपमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने, आवश्यक निर्देशन दिने तथा पहिलो पक्षको सहभागितामा समय समयमा समीक्षा बैठकको आयोजना गरी समस्या समाधानका साथै सुधारका लागि थप योजना बनाई कार्यान्वयन गर्ने।

६. तेस्रो पक्षलाई दोस्रो पक्षको निर्देशिकाबमोजिम नियमित बचत तथा लगानीको निम्ति सक्रिय बनाउने। समूहको खातामा रहेको रकमको प्रचलित ब्याजदर अनुसारको ब्याज उपलब्ध गराउने।

७. युवा उद्यमी समूहसँग गरिएको बचत रकम, ऋण तथा अन्य कारोवारको हिसाब किताब चुस्त र अद्यावधिक बनाई राख्ने ।

८. ऋण लगानी गर्नुपूर्व लगानी भएको ऋण रकमको असुलीको सुनिश्चितताका लागि यस युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ सँग नबाझिने गरी आवश्यक व्यवस्था गर्ने ।

९. ऋण लगानी तथा असुली प्रक्रियाका सम्बन्धमा सरोकारवाला विशेषत: युवा उद्यम समूहहरूको गुनासोको समाधान, कार्य प्रक्रियामा सरलीकरण, एवम् सहजीकरण तथा अभिलेख व्यवस्थापन गर्दा प्रथम पक्षसँगको समन्वय र सहकार्यमा अघि बढाउने ।

१०. उद्यम समूहको मूल्याङ्कन गरी उत्कृष्ट रूपमा उद्यम सञ्चालन गरेका युवा समूहको विवरण पहिलो पक्षलाई उपलब्ध गराउने ।

तेस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरू:

१. त्रिपक्षीय सम्झौता भएको मितिले ७ (सात) दिन भित्र कार्यविधिले तोकेबमोजिम  रु पाँच लाखको पाँच प्रतिशतले हुन आउने रकम (रु पच्चीस हजार) वित्तीय कारोबारका लागि छनोट भएको वित्तीय सेवाप्रदायक संस्था (दोस्रो पक्ष) मा समूहको नाममा बचत खाता खोली जम्मा गर्ने ।

२. सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा दोस्रो पक्षको संस्थामा रहेको समुहको खातामा दोस्रो पक्षले रकम रु ५ लाख  जम्मा गरिदिएको सुनिश्चितता गर्ने ।

३. यसरी प्राप्त भएको ऋण रकम उद्यम सञ्चालनका लागि पेश गरेको उद्यम प्रस्ताव बमोजिमको उद्यममा लगानी गर्ने ।

४. प्राप्त बिनाधितो, बिनाब्याजको ऋण रकम दोस्रो वर्षबाट निर्देशिकाले तोके बमोजिम १०, २०, ३० र ४० प्रतिशतका दरले किस्ताबन्दी रुपमा प्रत्येक वर्षको माघ मसान्त भित्र दोस्रो पक्षलाई नियमित रूपमा बुझाउनु पर्ने ।

५. उद्यम सञ्चालनका क्रममा पहिलो र दोस्रो पक्षसँगको सम्पर्क र समन्वयमा काम गर्नु पर्ने।

६. पहिलो र दोस्रो पक्षलाई वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्ने ।

७. कार्यविधिमा उल्लेख भए अनुसार कुल रकमको ५ (पाँच) प्रतिशत अर्थात् रु. २५ (पच्चीस) हजार रकम वित्तीय कारोबार गर्ने संस्थाको खातामा उद्यमको सुरक्षणको रूपमा जम्मा गरेको रकम पहिलो र दोस्रो पक्षको अनुमति बिना खर्च नगर्ने ।

८. प्राप्त ऋण रकमको लगानी र फिर्ता गरेको हिसाब किताब चुस्त रूपमा राख्ने र पहिलो र दोस्रो पक्षले मागेको बेला उपलब्ध गराउने ।

९. निर्देशिका र यो सम्झौतामा उल्लेख गरेको समय अगावै ऋण रकम चुक्ता गर्न चाहेमा रकम फिर्ता गर्न सकिने ।

विविध सर्तहरु:

१. तेस्रो पक्षलाई उपलब्ध गराइने बिनाधितो, बिनाब्याज ऋण असुलीका सम्बन्धमा यदि तेस्रो पक्षले सम्झौतामा उल्लेख भएको समय सीमाभित्र ऋण रकमको किस्ता नबुझाएको खण्डमा दोस्रो पक्षको निर्देशिकाअनुसार नियमानुसार हर्जना लिन बाधा पर्ने छैन ।

२. दोस्रो पक्षलाई उपलब्ध गराउने सञ्चालन तथा व्यवस्थापन खर्च केन्द्रमा वित्तीय कारोबारका लागि छनोट भएको केन्द्रिय वित्तिय संस्थासँग दोश्रो पक्षले गरेको सम्झौता अनुसार हुनेछ ।

३.  यस सम्झौताबमोजिम तोकिएको समय सीमाभित्र तेस्रो पक्षबाट ऋण असुली गरी केन्द्रको वित्तीय कारोबार गर्ने संस्थामा रकम फिर्ता गर्ने दायित्व दोस्रो पक्षको हुनेछ । यदि तोकिएको समय भित्र रकम जम्मा नभएमा केन्द्रको वित्तीय कारोबार गर्ने संस्थाले नियमानुसार हर्जना लिन र प्रचलित कानुनबमोजिम कारवाहीको प्रक्रिया अघि बढाउन सक्नेछ।

४. यदि तेस्रो पक्षले पेश गरेको प्रस्ताव अनुसार उद्यम सञ्चालन नगरेमा वा किस्ता नबुझाएमा वा आलटाल गरेमा उक्त समूहलाई कालो सूचीमा राख्ने वा सम्झौता र प्रचलित कानुनबमोजिम असुल उपर गर्ने अधिकार दोस्रो पक्षलाई हुनेछ ।

५. राष्ट्रिय युवा परिषद्‌ले अनुगमन गरी तीनओटै पक्षको काम कारवाहीको निरीक्षण गरी कर्जा लगानीको कागजात, निर्णय प्रक्रिया तथा अन्य अभिलेखको निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशनको पालना गर्नु तीनओटै पक्षको कर्तव्य हुनेछ ।

६. यस सम्झौतामा उल्लेख भएबमोजिमका अतिरिक्त दोस्रो पक्षले तेश्रो पक्षसँग थप सेवा शुल्क माग दावी गर्न सक्ने छैन ।

७. यस सम्झौतामा उल्लेख भएका विषयहरू युवा उद्यम सञ्चालन निर्देशिका र यसै सम्झौताबमोजिम हुनेछन्। अन्य पक्षको हकमा नेपाल सरकारको प्रचलित कानुनबमोजिम हुनेछ ।

८. उद्यम सञ्चालन सम्बन्धी कुनै पनि किसिमको समस्या, बाधा व्यवधान फुकाउने वा सो सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार राष्ट्रिय युवा परिषद्‌मा रहनेछ वा परिषद्‌को निर्णय नै अन्तिम हुनेछ।

९. यो सम्झौता तीनै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ । सम्झौता भएको मितिबाट पाँच वर्षसम्म यो सम्झौता लागू हुनेछ । यस अवधिभित्र लगानी भएको रकम असुल गरी सक्नु पर्नेछ।

<u>उपर्युक्त सर्तहरूमा मञ्जुर गरी सम्झौतामा हस्ताक्षर गर्ने आधिकारिक प्रतिनिधिहरू</u>

| पहिलो पक्ष<br>(स्थानीय तह) ..........................<br>को तर्फबाट | दोस्रो पक्ष<br>(वित्तीय कारोबार गर्ने संस्था)<br>.....................को तर्फबाट | तेस्रो पक्ष<br>(युवा उद्यमी समूह)<br>.....................को तर्फबाट |
|---|---|---|
| हस्ताक्षर .................. | हस्ताक्षर .................. | हस्ताक्षर .................. |
| नामथर: .................... | नामथर: .................... | नामथर: .................... |
| पद: ...................... | पद: ...................... | पद: ...................... |
| रोहबर:<br>हस्ताक्षर: ...............<br>नामथर:................<br>पद: ................. | रोहबर:<br>हस्ताक्षर: ...............<br>नामथर:................<br>पद: ................. | रोहबर:<br>हस्ताक्षर: ...............<br>नामथर:................<br>पद: ................. |
| स्थानीय तहको छाप | वित्तीय सेवाप्रदायक संस्थाको छाप | युवा उद्यमी समूहको छाप |

मिति: ...................